**२०७५ साल पौष १७ गते मंगलबार बसेको मन्त्रिपरिषद्को २२ औं बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश नं.५ मा २०७५ साल माघ १ र २ गते सार्वजनिक विदा दिने।

२. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** प्रदेश नं. ५, प्रदेश तथ्याङ्क सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा समक्ष पेश गर्न स्वीकृती प्रदान गर्ने।

३. **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः** प्रदेश नं. ५, पर्यटनसम्बन्धी कानूनी व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृती प्रदान गर्ने।

४. **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः** प्रदेश नं. ५, खानी अन्वेषण र व्यवस्थापनसम्बन्धी कानूनी व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृती प्रदान गर्ने।

५. **भौतिक पूर्वाधार विकास मन्त्रालयः** प्रदेश नं. ५, भवन निर्माण कार्यलाई व्यवस्थित गर्न बनेको विधेयक प्रदेश सभा समक्ष पेश गर्न स्वीकृती प्रदान गर्ने।

६. **भौतिक पूर्वाधार विकास मन्त्रालयः** माडी –लुङ्ग्री सिंचाइ आयोजनाका लागि आवश्यक अस्थायी दरबन्दी स्वीकृत गर्ने।

७. **सामाजिक विकास मन्त्रालयः** प्रदेश नं. ५, खेलकूद विकाससम्बन्धी व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा समक्ष पेश गर्न स्वीकृती प्रदान गर्ने।

८. **सामाजिक विकास मन्त्रालयः** प्रदेश नं. ५, स्वास्थ्य संस्था स्थापना, संचालन, नविकरण तथा स्तरोन्नती गर्न बनेको विधेयक प्रदेश सभा समक्ष पेश गर्न स्वीकृती प्रदान गर्ने।

९. **सामाजिक विकास मन्त्रालयः** प्रदेश नं ५,वालवालिकाको हक अधिकार संरक्षणसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा समक्ष पेश गर्न स्वीकृती प्रदान गर्ने।

१०. **सामाजिक विकास मन्त्रालयः** प्रदेश अन्तर्गतका स्वास्थ्य संस्थाहरुको प्रस्तावित अनुसूची बमोजिमको नाम स्वीकृत गर्ने।

११. विभिन्न राष्ट्रिय पर्व तथा चाडबाडहरुको उपलक्ष्यमा प्रदेश सरकारका तर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्रालयले उपयुक्त बजेट शीर्षकबाट खर्च व्यवस्था गरी जलपान कार्यक्रम आयोजना गर्ने।